नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
यान्त्रिक कार्यालय
लहान, सिरहा

**नागरिक वडा-पत्र**

**(१) यान्त्रिक कार्यालयले गर्ने मुख्य-मुख्य कामहरुः-**

(क) आफ्नो मातहतका यान्त्रिक उपकरणहरुको मर्मत सम्भार एवं संचालन गर्ने ।

(ख) श्री सडक विभाग, यान्त्रिक महाशाखा बबरमहल हाल पाटनढोका ललितपुर तथा श्री सडक विभाग हेभी ईक्वीपमेन्ट डिभिजन इटहरीको निति निर्देशनको परीधिभित्र रही पूर्वाञ्चल क्षेत्रीय सडक निर्देशनालय, दमक झापाको निर्देशनमा डिभिजन सडक कार्यालयलाई विभागीय कामको लागि यान्त्रिक उपकरण उपलब्ध गराउने ।

(ग) चालु हालतका उपकरणहरु विभागीय काममा प्रयोग नभई आईडल बसेको बेलामा नियमानुसार भाडा लिई ब्यक्ति, ठेकेदार, संघ-संस्थाहरु वा कार्यालयलाई माँग अनुसार उपलब्ध गराउने ।

**(२) मेशिन भाडामा लैजाने प्रकृयाहरुः-**

(क) आफूले भाडामा लैजान चाहेको मेशिन उपलब्ध हुन सक्छ वा सक्दैन त्इस बारे जानकारी लिन रेकर्ड शाखामा सम्पर्क राख्ने ।

**कार्यालयले उपलब्ध गराउने सेवाको विवरण**

| सि. नं. | सेवा/सुविधाको किसिम | सेवाग्राही निकाय/ब्यक्ति | सेवा प्राप्तिको लागि आवश्यक पर्ने कागज पत्र/प्रकृया/शर्तहरु | सेवा प्राप्त गर्दा | | जिम्मेवार शाखा | समयमा काम सम्पन्न नभएमा सुन्ने पदाधिकार निकाय |
|---|---|---|---|---|---|---|---|
| | | | | लाग्ने दस्तुर | लाग्ने समय | | |
| १ | मेशिन निःशुल्क उपलब्ध गराउने । | डिभिजन सडक कार्यालय/सडक योजनालाई (विभागीय कार्यको लागि मात्र) । | कुन मेशिन कुन काममा कति अवधिका लागि चाहिने हो खुलाई श्री पू.क्षे.स.नि.बाट आदेश गराई डिभिजन सडक/सडक योजना बाट लिखित रुपमा माँग गर्नुपर्ने । | निःशुल्क | माग बमोजिम मेशिन तयारी हालतमा भए तुरुन्तै उपलब्ध हुने । | रेकर्ड शाखा | कार्यालय प्रमुख |
| २ | मेशिन भाडामा दिने । | क्षेत्र भित्रको विभागीय ठेक्का पट्टा | (क) सम्बन्धित डिभिजन सडक कार्यालय/सडक योजना बाट कुन मेशिन कुन काममा कति अवधिका लागि चाहिने हो खुलाईएको सिफारिश पत्र पेश गर्नु पर्ने<br>(ख) विभागीय काममा प्रयोग नभई मेशिन खाली रहेको अवस्थामा मात्र दिन सकिने | सडक विभागको स्विकृत भाड दर अनुसार | माग बमोजिम मेशिन तयारी हालतमा भए तुरुन्तै उपलब्ध हुने । | रेकर्ड शाखा | कार्यालय प्रमुख |
| ३ | मेशिन भाडामा दिने | नेपाल सरकार का अन्यकार्यालय, संघ संस्थान, फर्म तथा ब्यक्ति विशेष | विभागीय काममा बाधा नपर्ने गरी मेशिन खाली भएको अवस्थामा मात्र दिन सकिने । | सडक विभागको स्विकृत भाडा दर अनुसार । | माँग बमोजिम मेशिन तयारी हालतमा भए तुरुन्तै उपलब्ध हुने । | रेकर्ड शाखा | कार्यालय प्रमुख |

**सेवाहरुको सूची**

१) मेसिन निःशुल्क उपलब्ध गराउने ।
२) मेसिन भाडामा दिने ।

**विवरणः-**

सेवा प्राप्त गर्न डिभिजनको पत्र, हेभि इक्युपमेन्टको पत्र तथा आदेशानुसार सेवा प्रदान गर्ने । यदि निजी क्षेत्रलाई आवश्यक भएमा कार्यालयको रेकर्ड शाखामा आफ्नो लेटर प्याडमा लिखित रुपले माग गर्ने ।